# धनगढी उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

धनगढी, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

... शाखा

प.सं. २०७६/०७७

च. नं.: २०८२

मिति:२०७६/०८/१८

श्री वडा कार्यालय सबै, (१-१९)
धनगढी उप-महानगरपालिका,
धनगढी, कैलाली ।

**बिषय: योजना सम्झौता सम्बन्धि अत्यन्त जरुरी सूचना।**

प्रस्तुत विषयमा यस धनगढी उप-महानगरपालिकाबाट चालु आ.व. २०७६/०७७ मा वडा स्तरमा उपभोक्ता समिति मार्फत संचालन गरिने वडा स्तरीय पूर्वाधार तर्फका योजनाको कार्यान्वयनका लागि गठित भएका उपभोक्ता समितिहरुलाई वडा कार्यालयबाट योजना सम्झौता गर्ने व्योहोराको सिफारिसपत्र सिफारिस भई आउँदा ***उपभोक्ता समिति गठन, परिचालन, तथा ब्यबस्थापन सम्बन्धि कार्यविधि, २०७४*** बमोजिम पुरा गर्नुपर्ने दायित्व एवं प्रकिया पुर्याई आउन नसकेको, उपभोक्ता समितिका पदाधिकारीहरु अलमलमा परेको जस्तो देखिएकोले निजहरुले सम्झौताको लागि पुरा गर्नुपर्ने आवस्यक कागजात *"सेवा प्रवेसबिन्दु"* वडा कार्यालयमै चेकजाँच गरि सेवा प्रवाहमा सहजता र एकरुपता प्रदान गरिदिन अनुरोध गरिन्छ ।साथै, उपभोक्ता समितिले सिफारिसका लागि माग निवेदन पेश गर्दा तपशील बमोजिमका कागजातहरु अनिवार्य रुपमा वडा कार्यालयमा चेकजाँच गरि एक प्रति सिफारिस निवेदनका साथ संग्लन गरि पठाईदिन हुन जानकारी गरिन्छ।

पुनश्च; यस अघि पहिलो चौमासिक भित्र योजना सम्झौता गरि सक्ने लक्ष्य लिईएकोमा हालसम्म पनि अपेक्षा/लक्ष्य अनुरुप प्रगति हुन नसकेको हुँदा यहि मिति २०७६ कार्तिक २२ गतेको पत्र बमोजिम लक्षित समय भित्रै योजना सम्झौता गर्ने कार्यमा सहकार्य, समन्वय र सहजीकरण गरिदिन हुन सबै वडा कार्यालयका जनप्रतिनिधि, वडा-अध्यक्ष र सम्बन्धित वडा हेर्ने वडा-सचिब लगाएत अन्य सरोकारवाला पधाधिकारी लाई विशेष अनुरोध छ।

२०७६/०८/१८

सत्यराज जोशी
शाखा अधिकृत

**तपशिल:**

**१. वडा अधक्ष्य वा अख्तियार प्राप्त जनप्रतिनिधिको रोहबरमा आमभेला बाट गठित उपभोक्ता समिति र एक जना महिला सहित ३ सदस्यीय अनुगमन समिति गठन गरेको निर्णयको प्रतिलिपि**

**२. उपभोक्ता समितिको तर्फबाट सम्झौताको लागि जिम्वेवार पदाधिकारी ताकिएको उपभोक्ता समितिको निर्णय**

**३. उपभोक्ता समितिका सबै पदाधिकारीको नागरिकताको प्रतिलिपि**

**४. योजनाको लागत अनुमान (Cost Estimation): सम्बन्धित वडा हेर्ने प्राबिधिकसँग सम्पर्क गर्ने।**

५. अन्य काम कारवाही र प्रक्रिया प्रचलित कानून तथा उपभोक्ता समिति गठन, परिचालन तथा ब्यबस्थापन सम्बन्धि कार्यविधि, २०७४ बमोजीम गरिएको हुनुपर्ने।

**बोधार्थ:**

**श्री सुचना प्रबिधि शाखा** : पत्रलाई सम्पूर्ण वडा कार्यालयहरुमा **Email** गर्न हुन। साथै, **Website** मा सुचना upload गर्न हुन।

Scanned by CamScanner